६९६।३२८

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. ४५०/२०७२/०७३

निर्णय नं.३२८

काठमाडौं जिल्ला नागार्जन नागार्जुन नगरपालिका वडा नं ४ सितापाईला बस्ने बस्ने दिन नाथ पन्त ..........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, साझा प्रकाशन केन्द्रीय कार्यालय, ललितपुर ..........................................१ विपक्षी

सूचना अधिकारी, साझा प्रकाशन केन्द्रीय कार्यालय, ललितपुर ..........................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउने भनिएकोले लगत कट्टा गर्नू ।

काठमाडौं जिल्ला नागार्जन नागार्जुन नगरपालिका वडा नं ४ सितापाईला बस्ने बस्ने दिन नाथ पन्थले साझा प्रकाशन केन्द्रीय कार्यालय, ललितपुर समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०६।१९ मा पुनरावेदन गरेको । यस आयोगबाट मिति २०७१।०६।२२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना के कति कारणले उपलब्ध गराइएन भनी पत्राचार गरेको । साझा प्रकाशनको मिति २०७२।०७।२२ प.सं.च.नं., २७०।०७२।०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना हुलाकबाट साझा प्रकाशनमा प्राप्त भै मिति ०७२।०६।१२ मा मुल दर्ता रजिष्टरको क्र.सं. ८५ नम्बरमा दर्ता गराई सकिएको । निज सम्पर्कमा आएपछि निजसंग सम्बन्धित उपलब्ध विवरण सूचनाका लागि उपलब्ध गराउन सकिने भन्ने जानकारी पत्र यस आयोगमा प्राप्त भएको । भविष्यमा निजले सूचना पाइन भनी निवेदन/उजुरी गरेमा अग्रिम कारवाही गर्न सकिने नै हुंदा हाललाई यस सम्बन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नू । यसको जानकारी निवेदकलाई दिनू ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

इति सम्वत् २०७२ साल मंसिर २१ गते रोज २ शुभम् ।